ब्याँस गाउँपालिका गाउँ सभाको २० औं अधिवेशन बैठकमा २०८३ साल असार १० गते बुधबार

उपाध्यक्ष श्री विनोद सिह कुँवर ज्यूले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३।०८४ को

# बजेट वक्तव्य

ब्याँस गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुन्सेरा, दार्चुला

**सभाध्यक्ष महोदय,**

**१.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम सम्पूर्ण ब्याँस बासीहरुको सबभन्दा नजिकको सरकारको ब्याँस गाउँपालिका उपाध्यक्षको हैसियतले ब्याँस गाउँपालिका सम्मानीत गाउँ सभाको बिसौँ अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

**२.** यस अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि समय-समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

**३.** आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपालको दीर्घकालीन विकास लक्ष्य, सोह्रौ योजना, विनियोजन विधेयक २०८३, कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझाव, राजस्व परामर्श समितिको प्रतिवेदन, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । ब्याँस गाउँपालिकावासी आम नागरिक, नागरिक समाज, सञ्चार जगत, राजनीतिक दल, विद्धतवर्ग, निजी क्षेत्र, पिछडिएका वर्ग सहित सरोकारवालाबाट प्राप्त सुझाव समेतलाई आधार लिएको छु।

**४.** ब्याँस गाउँपालिकाको विकासमा देखिएका समस्या एवं चुनौतीहरुलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्दै आम जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने तथा सिमान्तकृत पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

**५.** मैले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा ब्याँसबासी जनताको जनअपेक्षालाई सम्बोधन गर्ने र गाउँपालिकाको विकासमा देखिएका अप्ठ्याराहरु हटाई आम नागरिकमा आशा र भरोसाको सञ्चार गर्ने जिम्मेवारी बोध गरेको छु। राजनीतिक दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, संघ संस्था, नागरिक समाज, सञ्चार जगत र आम नागरिकको सहयोग र ऐक्यवद्धताबाट गाउँपालिकाको विकासमा देखिएका विद्यमान चुनौतीको सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु।

**६.** नेपालको संविधानले परिकल्पना गरेको समृद्ध, समुन्नत र आत्मनिर्भर स्थानीय शासनको लक्ष्य प्राप्तिका लागि दुर्गम क्षेत्रका नागरिकहरूको जीवनस्तर सुधार, गुणस्तरीय शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास तथा सुशासनलाई केन्द्रमा राखी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।
यस बजेटले ***'समृद्ध ब्याँस, सुखी ब्याँस बासी'*** भन्ने दीर्घकालीन सोचलाई आत्मसात गर्दै

स्थानीय आवश्यकतामा आधारित समावेशी, दिगो तथा परिणाममुखी विकासलाई प्राथमिकता दिएको छ।

**७.** अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु। चालु आर्थिक वर्ष २०८२।०८३ का लागि रु ५५ करोड ३७ हजार ५२ हजार ५ सय पचहत्तर रुपैयाँ ६७ पैसा बजेट विनियोजन भएकोमा चालु तर्फ विनियोजित रकम रु २९ करोड ६७ लाख २४ हजार ५ यस ७५ रुपैया ६७ पैसा मध्ये २०८२ असाढ १० गते सम्म रु १७ करोड ९२ लाख ७८ हजार ८ सय ९० दशमलब ६२ रुपैयाँ खर्च प्रगति देखिएको छ। जुन कुल चालु बजेटको ६० दशमलब ४२ प्रतिशत हुन आँउछ। त्यसै गरि पूँजिगत तर्फको रु २५ करोड ७० लाख २८ हजार रुपैयाँ मध्ये रु १६ करोड ०६ लाख १८ हजार ८ सय ४० खर्च प्रगति भएको छ, जुन कुल पूँजिगत बजेटको ६२ दशमलव ४९ प्रतिशत हुन आँउछ। यस प्रकार कुल खर्च ३३ करोड ९८ लाख ९७ हजार ७ सय ३० रुपैया ६२ पैसा भएको छ। जुन कुल बजेटको ६१ दशमलब ३८ प्रतिशत खर्च प्रगति हुन गएको छ।

**सभाध्यक्ष महोदय,**

अब म आ व २०८३।८४ को यस बजेटका उद्देश्यहरु संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- गरिबी न्यूनीकरण तथा रोजगारी सिर्जना।
- कृषि उत्पादन र आत्मनिर्भरता अभिवृद्धि।
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा सुनिश्चितता।
- ग्रामीण सडक, खानेपानी र शिक्षा र आधुनिकस्तरको स्वास्थ्यमा सुधार।
- महिला, दलित, आदिवासी जनजाति तथा विपन्न वर्गको सशक्तीकरण।
- सुशासन, पारदर्शिता र डिजिटल सेवा प्रवाह

अब म ब्याँस गाउँपालिकाको बजेट प्रणालीमा देखिएका मुख्य चुनौतीहरु संक्षेपमा प्रस्तुत गर्न चाहान्छु।

८. संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम समयमा प्राप्त नहुने तथा अनुमान गरिए अनुसार प्राप्त नहुनाले गाउँपालिका अन्तरगत रहेका सम्पुर्ण विकास निर्माणका क्षेत्रहरुमा यथेष्ट बजेट विनियोजन हुन नसक्नु हाम्रो सामु चुनौतीको रुपमा रहेको छ।

९. राजस्व प्रणालीमा सुधार, चुहावट नियन्त्रण र करको दायरा विस्तार गरि राजस्व परिचालन वृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरेको छु । अप्रत्यक्ष एवं आयातमा आधारित राजस्वलाई क्रमश: प्रत्यक्ष एवं आन्तरिक उत्पादनमा आधारित बनाई राजस्व संरचनामा परिवर्तन गर्नु चुनौतीपूर्ण रहेको छ।

१०. ब्यास गाउँपालिकाको सार्वजनिक प्रशासनलाई व्यवसायिक, दक्ष र नतिजामुखी बनाई स्थानीय सरकारको उद्देश्य प्राप्तिमा प्रभावकारी रुपमा परिचालन गर्नु चुनौतीपुर्ण रहेको छ । चालु आर्थिक वर्षमा पुँजीगत खर्चको प्रभावकारीता बढ्न सकेको छैन । स्थानीय स्रोत साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई उपलब्धीमुलक बनाउने चुनौती हाम्रो सामु रहेको छ।

११. साधारण खर्चलाई बाञ्छित सिमाभित्र राख्ने र विनियोजन दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिबृद्धि गर्ने उद्देश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु । यसबाट सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धीमुलक बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु।

**सभाध्यक्ष महोदय**

माथि उल्लेखित चुनौतीहरुलाई मनन् गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी विस्तार गरि उत्पादन, उत्पादकत्व र रोजगारी अवसर बढाउने, आर्थिक तथा सामाजिक पुर्वाधार निर्माण गरि गाउँपालिकाको दिगो विकासको आधार तयार गर्ने तर्फ जोड दिएको छु । सार्वजनिक स्रोतको समुचित तथा उपलब्धिमुलक परिचालन गर्नुका साथै उपलब्ध स्रोत साधन तथा लाभको समन्यायिक वितरण गरि धनी र गरिब बीचको खाडल कम गर्नुपर्ने आवश्यकता महसुस गरि बजेटका उद्देश्य तथा प्राथमिकता तय गरेको छु।

१२. अब म यस बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । उत्पादनशीलता र रोजगारी बृद्धि: समावेशी विकास भन्ने ध्येयका साथ प्रस्तुत आर्थिक वर्ष २०८३।०८४ को बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

- गाउँपालिकाको विकासलाई फराकिलो, दिगो, समावेशी र जनमैत्री बनाउनु,
- गुणस्तरिय सामाजिक विकास, सुरक्षा र न्यायको प्रत्याभूति गर्नु,
- लगानीमैत्री वातावरण निर्माण गरि निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरि गरिबी न्युनीकरण गर्नु,
- बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिबृद्धि गर्नु,

बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन्

**शिक्षा**

- सबै विद्यालयमा ICT तथा डिजिटल शिक्षाको विस्तार।
- विद्यालय भौतिक संरचनामा सुधार तथा विस्तार।
- शिक्षक क्षमता विकास तथा सिकाइ उपलब्धि सुधार कार्यक्रम।
- विषयगत शिक्षकहरुको उपलब्धता।

**स्वास्थ्य**

- आधारभूत  स्वास्थ्य सेवा तथा घुम्ती सिविरमा जोड।
- गर्भवती तथा ज्येष्ठ नागरिक स्वास्थ्य सेवा।
- आधुनिक एवं गुणस्तरीय स्वास्थ्य सेवा।
- टेलिमेडिसिन सेवाको सुरुवात।

**कृषि**

- व्यावसायिक कृषि तथा पशुपालन प्रवर्द्धन।
- कृषि उत्पादन वृद्धि गरी संकलन केन्द्र स्थापना।
- कृषक तथा कृषि समूहहरुलाई प्रोत्साहन एवम् कृषि उत्पादकत्वमा वृद्धि।
- गाउँपालिका, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना र गरिवी निवारण,

**पूर्वाधार**

- स्थानीय सडक सुदृढीकरण तथा विस्तार।
- खानेपानी, विद्युत तथा ग्रामीण सडक स्तरोन्नति।
- पूर्वाधार विकास।

**सामाजिक विकास**

- महिला उद्यमशीलता कार्यक्रम।
- युवा स्वरोजगार तथा सीप विकास तालिम।
- अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम।

**सुशासन तथा सेवा प्रवाह**

- डिजिटल गाउँपालिका अभियान सञ्चालन।
- अनलाइन सेवा तथा अभिलेख व्यवस्थापन।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा पारदर्शिता प्रवर्द्धन।
- आत्मनिर्भर तथा क्षमता अभिवृद्धिका लागि सिपमुलक तालिम।
- युवा स्वरोजगार तथा आय आर्जनमा वृद्धि।

१३. अब म बजेटको स्रोतको व्यवस्था र विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु।
आर्थिक वर्ष २०८३।०८४ मा ब्याँस गाउँपालिकाको लागि संघीय सरकारबाट प्राप्त हुने राजस्व वाडफाडको रकम रु ११ करोड ५२ लाख ७४ हजार, प्रदेश सरकारबाट प्राप्त राजस्व वाडफाडको रकम रु २८ लाख ६१ हजार, संघ वित्तीय समानीकरण रु १० करोड ८ लाख, संघ सशर्त अनुदान २१ करोड ७ लाख, संघ समपुरक अनुदान १ करोड ८५ लाख, संघ विशेष अनुदान रु २ करोड ३० लाख, प्रदेश वित्तीय समानीकरण ८५ लाख ८० हजार, प्रदेश सशर्त अनुदान ८ करोड २५ लाख गत वर्षको मौज्दात रु १ करोड र आन्तरिक आय रु ४३ लाख रोयल्टी रु ५० हजार स्थानीय सरकारबाट प्राप्त राजस्व बाडफाट रु १ लाख गरी कुल रु ५५ करोड ३४ हजार रुपैया आय अनुमान गरिएको छ।

१४. ब्याँस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को व्यय तर्फ वडा स्तरीय योजना तथा कार्यक्रम खर्च रु १ करोड ५० लाख, विषयगत शाखाहरुको चालु तथा पुँजीगत कार्यक्रम खर्च रु २ करोड ४१ लाख, गाउँकार्यपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुका लागि ७ करोड ७४ लाख ४१ हजार, प्रशासनिक तथा अन्य खर्च तर्फ ११ करोड ५४ लाख २४ हजार संघ तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरण अनुदान रु ३० करोड ८० लाख ६९ हजार, अनुमानित आन्तरिक स्रोत (अल्या) तर्फ १ करोड गरि जम्मा रु ५५ करोड ३४ हजार रुपैया व्यय अनुमान गरिएको छ।
चालु आ. व. मा यस ब्याँस गाउँपालिकाबाट विनियोजन भएका कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

- ब्याँस गाउँपालिका स्तरीय खेल मैदानका लागि नेपाल सरकारबाट रु ६ करोड ९३ लाख स्वीकृत भएकोमा आगामी आ व का लागि उक्त योजना कार्यान्वयनका लागि पालिकाबाट आवश्यक बजेट बिनियोजन गरिनेछ।
- तिमुरपाटा हुती धौलाकोट मड्गाउँ माल सडकका लागि रु १ करोड रकम पालिकाबाट बिनियोजन गरेको छु।

- ब्याँस गाउँपालिका वडा नं ६ मा रहेको निर्माणाधिन १५ शैय्या अस्पताल निर्माण कार्यको लागि आगामी आ व को लागि २ करोड बजेट  विनियोजन गरेको छु ।
- नेपाल सरकारबाट डोकट लिफ्टिङ खानेपानीको लागि आगामी आ व का लागि रु ८४ लाख रकम बिनियोजन गरिएको छ ।
- ब्याँस गाउँपालिकाको समग्र शैक्षिक तथा खेल क्षेत्रको विकासका लागि ब्याँस गाउँपालिका स्तरीय विभिन्न विधामा खेल प्रशिक्षक नियुक्त गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु । साथै श्रम ऐन २०७४ ले व्यवस्था गरे बमोजिम सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारीहरु ( कार्यालय सहयोगी र लेखापाल) र बालविकास सहजकर्ताहरुका लागि न्युनतम तलबको व्यवस्थापन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।
- कोहि पनि राहत शिक्षक, बालविकास सहजकर्ता तथा करार कर्मचारीहरुलाई रित्तो हात घर नफर्काउने उद्देश्यले सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८३।०८४ को अनुमानित आय-व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु ।

१५. आर्थिक वर्ष २०८३।०८४ को बजेटको कार्यान्वयनबाट गाउँपालिकाको आर्थिक बृद्धिमा योगदान पुग्ने, कृषि क्षेत्रको रुपान्तरणको आधार निर्माण हुने, आधारभूत पुर्वाधार निर्माण हुने, सामाजिक क्षेत्रमा लगानीको माध्यमबाट गुणस्तरीय जीवनोपयोगी शिक्षा तथा आधारभूत स्वास्थ्य सेवाको पँहुच बृद्धि हुने, गरिबीमा कमि आउने र सामाजिक सुरक्षाका कार्यक्रम मार्फत सामाजिक न्यायको जग मजबुत भई समावेशी विकास हुने तथा न्यायपूर्ण समाज निर्माणमा योगदान पुग्ने अपेक्षा लिएको छु ।

१६. सिंचाई, तटबन्धन,विपद्व्यवस्थापन, विद्युत सेवाको विस्तार, सडक र सूचना प्रविधि सम्बन्धी आयोजनाहरुको कार्यान्वयनबाट सामाजिक र आर्थिक विकासको आधारशीला निर्माण हुने अपेक्षा लिएको छु ।

१७. प्रस्तुत बजेट तर्जुमाको क्रममा मार्गदर्शन र रचनात्मक सुझाव प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँ सभाका सदस्यहरु, वडा समिति, विषयगत समितिहरु लगायत गाउँ कार्यपालिकाको कार्यालय प्रति हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु ।

अन्त्यमा सम्पूर्ण ब्याँसबासीहरुमा ब्याँसको विकास र ब्याँसी नागरिकहरुको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु । साथै बजेटको कार्यान्वयनमा रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

धन्यबाद !